
## नेपालको संविधानमा

# मौलिक हकहरू



# नेपालको संविधानमा
# मौलिक हकहरू
# २०७२

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
कलङ्की, स्यूचाटार, पत्र मञ्जुषा: २७२६, काठमाडौँ
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
इमेल: insec@insec.org.np
वेबसाइट: www.insec.org.np, www.inseconline.org

**नेपालको संविधानमा मौलिक हकहरू**

**प्रकाशन मिति**: २०७३ असार

**सङ्ख्या**: १४ हजारप्रति

**प्रकाशक**: अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**सर्वाधिकार**: इन्सेकमा सुरक्षित

मुद्रक: ड्रिम ग्राफिक प्रेस, काठमाडौं

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| १. | **भूमिका** | **४** |
| २. | **परिचय** | **५** |
| ३. | **नेपालको संविधानमा मौलिक हकहरू** | **९** |
| | धारा १६ सम्मानपूर्वक बाँच्न पाउने हक | ९ |
| | धारा १७ स्वतन्त्रताको हक | १० |
| | धारा १८ समानताको हक | १० |
| | धारा १९ सञ्चारको हक | ११ |
| | धारा २० न्यायसम्बन्धी हक | १२ |
| | धारा २१ अपराध पीडितको हक | १३ |
| | धारा २२ यातनाविरुद्धको हक | १३ |
| | धारा २३ निवारक नजरबन्दविरुद्धको हक | १४ |
| | धारा २४ छुवाछूत तथा भेदभाव विरुद्धको हक | १४ |
| | धारा २५ सम्पत्तिको हक | १५ |
| | धारा २६ धार्मिक स्वतन्त्रताको हक | १६ |
| | धारा २७ सूचनाको हक | १६ |
| | धारा २८ गोपनीयताको हक | १७ |
| | धारा २९ शोषणविरुद्धको हक | १७ |
| | धारा ३० स्वच्छ वातावरणको हक | १८ |
| | धारा ३१ शिक्षासम्बन्धी हक | १८ |
| | धारा ३२ भाषा तथा संस्कृतिको हक | १९ |
| | धारा ३३ रोजगारीको हक | १९ |
| | धारा ३४ श्रमको हक | २० |
| | धारा ३५ स्वास्थ्यसम्बन्धी हक | २० |
| | धारा ३६ खाद्यसम्बन्धी हक | २१ |
| | धारा ३७ आवासको हक | २१ |
| | धारा ३८ महिलाको हक | २२ |
| | धारा ३९ बालबालिकाको हक | २३ |
| | धारा ४० दलितको हक | २४ |
| | धारा ४१ जेष्ठ नागरिकको हक | २५ |
| | धारा ४२ सामाजिक न्यायको हक | २५ |
| | धारा ४३ सामाजिक सुरक्षाको हक | २६ |
| | धारा ४४ उपभोक्ताको हक | २७ |
| | धारा ४५ देश निकालाविरुद्धको हक | २७ |
| | धारा ४६ संवैधानिक उपचारको हक | २७ |
| | धारा ४७ मौलिक हकको कार्यान्वयन | २८ |
| | धारा ४८ नागरिकको कर्तव्य | २८ |
| ४. | **समीक्षा** | **२९** |
| ५. | **निष्कर्ष** | **३०** |
| ६. | **कानुनअनुसार कार्यान्वयन हुने मौलिक हकहरू** | **३१** |

# भूमिका

नेपालको संवैधानिक इतिहास २००४ सालको “नेपाल सरकार वैधानिक कानुन” देखि सुरु भएको पाइन्छ। नेपालको संवैधानिक विकासका क्रममा, “नेपालको अन्तरिम विधान २००७”, “नेपाल अधिराज्यको संविधान २०१५” र “नेपाल अधिराज्यको संविधान २०१९” जारी गरिएको भए पनि मौलिक हकहरूको विस्तारित व्यवस्था भने “नेपाल अधिराज्यको संविधान २०४७” मा गरियो। “नेपालको अन्तरिम संविधान २०६३” मा मानव अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरियो। नेपालको संविधान (वि.स. २०७२) मा धारा १६ देखि ४८ सम्म मौलिक हकहरू र कर्तव्यको विस्तृत व्यवस्था गरिएको छ।

मौलिक हक हनन् भएको अवस्थामा सर्वोच्च अदालतमा रिटमार्फत कानुनी उपचार खोज्न सकिन्छ। नागरिक तथा राजनीतिक अधिकार, सांस्कृतिक अधिकार, आर्थिक अधिकार, सामाजिक सुरक्षासम्बन्धी अधिकारका साथै पछाडि पारिएका वर्गहरूको हकहरूको व्यापक उल्लेख मौलिक हकहरूमा गरिएको छ। यद्यपि कतिपय मौलिक हकहरू कानुनअनुसार वा कानुन बनाएर लागु हुने भन्ने व्यवस्था मौलिक हकहरूमा उल्लेख गरिएको छ। आवश्यक कानुन संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुन बनाएर लागु गर्ने व्यवस्था धारा ४७ मा उल्लेख गरिएको छ। संविधानमा उल्लेख गरिएका यिनै मौलिकहरूलाई सङ्क्षिप्त रूपमा सर्वसाधारणले बुझ्ने भाषामा प्रकाशन गर्नु प्रस्तुत पुस्तिकाको उद्देश्य हो।

यस पुस्तिकामा उल्लेख गरिएका सामग्री नेपालको संविधान, नेपाल मानव अधिकार वर्षपुस्तक २०१६ र प्राची द्वैमासिक २०७३ बाट लिइएका हुन्। पुस्तिका प्रकाशनको सम्पूर्ण संयाजन गर्नु हुने मानवअधिकार अभियान तथा पैरवी कार्यक्रम व्यवस्थापक  सम्झा श्रेष्ठ भाषा सम्पादनका लागि मानव अधिकार प्रलेख तथा प्रसारण कार्यक्रमका व्यवस्थापक मदन पौडेल तथा साजसज्जा गर्नु हुने डेस्कटप अधिकृत गीता मालीप्रति धन्यवाद व्यक्त गर्दछु।

**सुबोधराज प्याकुरेल**
अध्यक्ष

# परिचय

संविधानसभाले २०७२ असोज ३ गते नयाँ संविधान जारी गरेसँगै जनप्रतिनिधिद्वारा संविधान बनाउने नेपाली जनताको ६५ वर्ष पुरानो सपना पूरा भयो। वि.सं. २००४ सालको वैधानिक कानुनबाट आरम्भ भएको संवैधानिक इतिहासमा यो सातौं संविधान भए पनि सार्वभौम नेपाली जनताका तर्फबाट जारी यस संविधानले नेपाली जनतालाई पूर्णत: अधिकार सम्पन्न गराउने अभिभारा बोकेको छ। संविधानसभाका लगभग ९० प्रतिशत सदस्यको समर्थन रहेको यो संविधान आफैमा लोकतन्त्रको परिचायक बनेको छ।

नेपालको संविधान, २०७२ ले जनतालाई सार्वभौम बनाएको छ भने जनताभन्दा माथि कोही छैनन् भन्ने यथार्थ यो संविधानले स्वीकार गरेको छ। यसअघिका संविधानले जनतालाई यो हदसम्मको अधिकार दिएका थिएनन्। यो व्यवस्थालाई संविधानको सबैभन्दा सुन्दर पक्ष मान्न सकिन्छ।

संविधानसभाबाट पारित संविधानको विधेयकमा २०७२ असोज १ गते सभासद्हरूबाट हस्ताक्षर सम्पन्न गरी संविधानसभाका अध्यक्षबाट प्रमाणित भएको थियो। राष्ट्रपति डा. रामवरण यादवबाट २०७२ असोज ३ गते प्रमाणीकरण गरी नेपाली जनतासमक्ष नेपालको संविधान प्रारम्भ भएको घोषणासहित संविधान जारी भयो। यो सङ्ख्या संविधानसभा सदस्यको कुल सङ्ख्याको ८९.७९ प्रतिशत हो। मतदानमा १ सय २० आदिवासी जनजाति, ६७ मधेसी, २१ थारू र १४ मुस्लिम सभासद् सहभागी थिए।

कुनै पनि संविधान अपरिवर्तनीय एवम् निर्विवाद हुँदैन। यस संविधानमा कतिपय कमजोरी रहे तापनि यसको दार्शनिक आधार, मान्यता र सिद्धान्त लोकतान्त्रिक, गणतान्त्रिक, सङ्घीय र समावेशी छ। जसले एक्काइसौँ शताब्दीको मानव अधिकारमैत्री दृष्टिकोण आत्मसात् गरेको छ। यसलाई विकसित गर्दै जाने प्रशस्त आधार पनि संविधानमै समावेश छन्।

नेपालको संवैधानिक इतिहास हेर्ने हो भने २००४ सालको वैधानिक कानुनदेखि २०४७ सालको संविधान बहाल रहँदासम्म मूलत: नागरिक तथा

राजनीतिक अधिकार मात्र मौलिक हकका रूपमा स्थापित थियो। आर्थिक, सामाजिक अधिकार राज्यको निर्देशक सिद्धान्तका रूपमा मात्रै परिभाषित थिए। नेपालको अन्तरिम संविधान, २०६३ को अनुशरण गर्दै यी अधिकारलाई संविधानमा अझ बढी परिमार्जन गरी मौलिक हकलाई संविधानको भाग ३ को धारा १६ देखि ४८ सम्म समावेश गरिएको छ। जनजीविकाको प्रत्यक्ष सरोकार राख्ने यी ३३ वटा धारा कार्यान्वयन हुनसके जनताका न्यूनतम आधारभूत आवश्यकता पूरा हुनेछ भने देश समृद्धिको उकालो लाग्नेछ। यसमा सम्मानपूर्वक बाँच्न पाउने, स्वतन्त्रता, समानता, सञ्चार, न्याय, पीडित, निवारक नजरबन्दविरुद्धको हक व्यवस्था छ। यसैगरी छुवाछूत तथा भेदभावविरुद्धको हक, सम्पत्ति, धार्मिक स्वतन्त्रता, सूचनाको गोपनीयता, शोषणविरुद्ध, स्वच्छ वातावरण, शिक्षासम्बन्धी, श्रम, स्वास्थ्य, खाद्य, आवास, महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, सामाजिक न्याय, सामाजिक सुरक्षालगायत हक सुनिश्चित गरिएको छ।

मौलिक हक संरक्षणको दायित्व संविधानले सर्वोच्च अदालतलाई दिएको छ। मौलिक हक हनन् भएको अवस्थामा सर्वोच्च अदालत र प्रादेशिक उच्च अदालतलबाट उपचार प्राप्त गर्ने प्रावधान राखेर न्यायमा सहज पहुँचको अवधारणालाई व्यावहारिक बनाएको छ भने सीमा तोकेर जिल्ला अदालतलाई पनि जिम्मेवारी प्रदान गरेको छ।

विभिन्न वर्ग तथा समुदायको हकहितप्रति संविधान अत्यन्त संवेदनशील बन्दै राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, समावेशी आयोग, जनजाति आयोग, मधेसी आयोग, मुस्लिम आयोग, थारू आयोग जस्ता आयोगको प्रावधान राखेर बहुजातीय नेपालको भावना समेटेको छ।

नेपाल मानव अधिकारसम्बन्धी २३ वटा दस्तावेजको पक्षराष्ट्र रहेको छ। यी सन्धि/सम्झौता कार्यान्वयन गर्न राज्यलाई संवैधानिक जिम्मेवारी प्रदान गरेर मानव अधिकारको प्रवर्धनप्रति सचेत रहेको स्पष्ट पारेको छ। पैत्रिक सम्पत्तिमा लैङ्गिक विभेद गर्न नपाइने, धर्म निरपेक्षता, भाषिक अधिकार जस्ता प्रावधानले संविधानलाई प्रगतिशील तुल्याएको छ।

बहुजातीय, बहुभाषिक एवम् बहुसंस्कृतियुक्त नेपालका कुनै पनि समुदाय कुनै पनि अवसरबाट वञ्चित हुन नपरोस् भनेर संविधानमा समावेशितालाई

महत्व दिइएको छ। संविधानको धारा २६७ बमोजिम नेपाली सेनामा मधेसी समुदाय लगायत अन्य सीमान्तकृत समुदायको प्रतिनिधित्व अनिवार्य गरिनु समावेशिताको उदाहरण हो। संवैधानिक निकायका पदाधिकारी चयन गर्दा समावेशिताका आधारमा गर्नुपर्ने प्रावधान धारा २८३ मा छ। कुनै पनि राजनीतिक दलमा खास जाति वा समुदाय विशेषको बाहुल्यता कायम नरहोस् भन्ने हेतुले धारा २६९ ले समावेशी सिद्धान्त बाध्यात्मक पारिएको छ। सरकारी सेवादेखि राजदूत नियुक्तिमा समेत समानुपातिक समावेशी प्रतिनिधित्व गराइने प्रत्याभूति यस संविधानले गरेको छ।

यसैगरी, राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट तीन महिला, एक दलित र एक अपाङ्गता भएको व्यक्तिसहित पिछडिएको क्षेत्रका व्यक्तिसहित आठ जनाको प्रतिनिधित्व गराउने व्यवस्था धारा ६६ को उपधारा २ मा छ।

संविधानले "समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभा निर्वाचनका लागि राजनीतिक दलले उमेदवारी दिँदा जनसङ्ख्याका आधारमा महिला, दलित, आदिवासी र जनजाति, खस-आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रसमेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुनबमोजिम हुने" व्यवस्था गरेको छ। ५६ जना निर्वाचित र ३ मनोनित गरी ५९ सदस्य हुने राष्ट्रिय सभाको अध्यक्ष वा उपाध्यक्षमध्ये एक जना महिला हुनुपर्ने व्यवस्था पनि छ। राष्ट्रिय सभामा सात वटै प्रदेशबाट कम्तीमा तीन महिला, एक दलित, शारीरिक अपाङ्गता भएका वा अल्पसङ्ख्यक एक गरी आठ सदस्य निर्वाचित हुने व्यवस्था छ।

राष्ट्रिय सभा सदस्य निर्वाचनमा प्रदेश सभा सदस्य, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष, नगरपालिका प्रमुख र उपप्रमुख मतदाता हुनेछन्। सरकारले सिफारिस गरेकामध्येबाट कम्तीमा एक महिलासहित तीन जनालाई राष्ट्रपतिले राष्ट्रिय सभा सदस्य मनोनित गर्नेछन्।

शासकीय स्वरूपमा संविधानले "बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली" हुने प्रावधान राखेको छ। राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष हुनेछन्। राष्ट्रपति तथा उपराष्ट्रपतिमा पनि धारा ७० समावेशी सिद्धान्तअनुसार फरक फरक लिङ्ग वा फरक फरक जातिको हुनुपर्ने व्यवस्था छ। त्यसैगरी धारा ९१ (२)

मा प्रतिनिधि सभाको सभामुख र उपसभामुख  निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुने गरी गर्नुपर्ने व्यवस्था गरिएको छ जसअनुसार महिला र पुरुष वा फरक फरक राज्यका विभिन्न निकाय र सार्वजनिक सेवामा समावेशी सिद्धान्तका आधारमा सहभागिता सुनिश्चितता, पछाडि पारिएका जातीय समूहलगायत थुप्रै सामाजिक समूहलाई अधिकार सम्पन्न गराउने विषयमा पनि संविधान उदार देखिएको छ।

साथै, मधेसी, थारू, मुस्लिम, आदिवासी जनजातिका लागि छुट्टाछुट्टै आयोग बनाइने प्रवाधान संविधानमा छ। यसैगरी, सरकारी कामकाजको भाषा देवनागरी लिपीमा नेपाली भाषाको प्रयोग भए पनि प्रादेशिक सरकारले सो प्रदेशको भाषालाई पनि कामकाजी भाषा बनाउन सक्नेछ। आमाको नामबाट सन्तानले नागरिकता पाउने, गैरआवासीय नेपालीले मताधिकारबाहेकको अधिकार प्राप्त गर्ने गरी नागरिकता पाउने व्यवस्था संविधानले गरेको छ। संविधानले नेपालको विविधतायुक्त समाजका बढी प्रतिनिधित्व सुनिश्चित गरेर समावेशी सिद्धान्त अङ्गाल्दै अनुपम उदाहरण प्रस्तुत गरेको छ।

# नेपालको संविधानमा मौलिक हकहरू

संविधानको भाग ३ मा मौलिक हक र कर्तव्यको व्यवस्था गरिएको छ जसमा १६ देखि धारा ४७ सम्म ३२ वटा मौलिक हकको व्यवस्था गरिएको छ भने धारा ४८ मा नागरिकको मौलिक कर्तव्यको व्यवस्था गरिएको छ। सम्मानित जीवनको हक, स्वतन्त्रतासम्बन्धी हक, समानता, अविभेद, यातना विरुद्धको हक, फौजदारी न्यायको हक, न्यायिक उपचारको हक जस्ता नागरिक हक, राजनीतिक प्रकारका सङ्गठन खोल्ने जस्ता हक अधिकार उल्लेख छन्।

## धारा १६ सम्मानपूर्वक बाँच्न पाउने हक

धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (२) मा कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानुन बनाइने छैन भन्ने उल्लेख छ।

# धारा १७ स्वतन्त्रताको हक

धारा १७ मा नागरिकका स्वतन्त्रतासम्बन्धी हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था छ भने उपधारमा (२) मा प्रत्येक नागरिकलाई लागि आवश्यक विचार र अभिव्यक्तिको स्वतन्त्रता, भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता, सङ्घ र संस्था खोल्ने स्वतन्त्रता, मुलुक भित्र आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, र रोजगार जस्ता स्वतन्त्रताहरू यस धारामा व्यवस्था गरिएको छ। तर राज्यले समाजमा शान्ति सुरक्षा, मर्यादा कायम राख्न यी स्वतन्त्रताहरूमा केही अङ्कुश लगाउन सक्ने व्यवस्था पनि सोही दफाको प्रतिबन्धात्मक व्यवस्थामा गरिएको छ।

# धारा १८ समानताको हक

धारा १८ मा समानताको हकको व्यवस्था गरिएको छ। उक्त धाराको उपधारा (१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरिएको छ भने त्यसै धाराको उपधारा (२) मा सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था छ। त्यसैगरी, उपधारा (३) मा राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन।

# धारा १८ समानताको हक

भन्ने उल्लेख छ। उपधारा (४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने व्यवस्था छ भने उपधारा (५) मा पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने व्यवस्था गरेको छ।

# धारा १९ सञ्चारको हक

धारा १९ मा सञ्चारको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध नलगाइने प्रत्याभूत गरिएको छ। त्यसैगरी उपधारा (२) मा कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेवापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन भन्ने व्यवस्था गरेको छ भने उपधारा (३) मा कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन भन्ने उल्लेख गरि सञ्चारको हकको सुनिश्चिता गरेको छ।

# धारा २० न्यायसम्बन्धी हक

धारा २० मा न्यायसम्बन्धी हकको व्यवस्था गरिएको छ जसअन्तर्गत उपधारा (१) मा कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा नराखिने, उपधारा (२) मा पक्राउ परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानुन व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुने र त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने व्यवस्था छ। उपधारा (३) मा पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थितगराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएकोव्यक्तिलाई थुनामा राखिने छैन भन्ने व्यवस्था छ। प्रतिबन्धात्मक व्यवस्थाको रूपमा तर निवारक नजरबन्दमा राखिएका व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागु हुने छैन भन्ने उल्लेख छ। उपधारा (४) मा तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन भन्ने व्यवस्था छ। उपधारा (५) मा कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने, उपधारा (६) मा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय नदिइने, उपधारा (७) मा कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नोविरुद्ध साक्षी हुन बाध्य नपारिने, उपधारा (८) मा प्रत्येक व्यक्तिलाई निजविरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुने व्यवस्था छ। उपधारा (९) मा प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने र उपधारा (१०) मा असमर्थ पक्षलाई कानुनबमोजिम नि:शुल्क कानुनी सहायता पाउने हक हुने व्यवस्था छ।

# धारा २१ अपराध पीडितको हक

धारा २१ मा अपराध पीडितको हकको व्यवस्था गरिएको छ सोही धाराको उपधारा (१) मा अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुने र उपधारा (२) मा अपराध पीडितलाई कानुनबमोजिम सामाजिक पुन:स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ।

# धारा २२ यातनाविरुद्धको हक

धारा २२ मा यातनाविरुद्धको हकको व्यवस्था गरिएको छ। उपधारा (१) मा पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना नदिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने व्यवस्था छ भने उपधारा (२) मा उक्त कार्यलाई कानुनबमोजिम दण्डनीय बनाइएको छ। त्यसका साथै सोही उपधारामा त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने भन्ने व्यवस्था छ।

## धारा २३ निवारक नजरबन्दविरुद्धको हक

धारा २३ मा निवारक नजरबन्द विरुद्धको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन भन्ने व्यवस्था गरेको छ भने उपधारा (२) मा उपधारा (१) बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिका स्थितिको बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानुनबमोजिम तत्काल जानकारी दिनु पर्ने प्रावधान गरिएको छ। तर शत्रु देशको नागरिकका हकमा यो उपधारा लागु हुने छैन भन्ने उल्लेख गरिएको छ। त्यसैगरी उपधारा (३) मा निवारक नजरबन्दमा राख्ने अधिकारीले कानुन विपरीत वा बदनीयतपूर्वक कुनै व्यक्तिलाई नजरबन्दमा राखेमा त्यस्तो व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ।

## धारा २४ छुवाछूत तथा भेदभावविरुद्धको हक

धारा २४ मा छुवाछूत तथा भेदभावविरुद्धको हकको व्यवस्था गरिएको छ। उक्त धाराको उपधारा (१) मा कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जातजाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन भन्ने उल्लेख छ। यसरी यस उपधारामा निजी तथा सार्वजनिक दुवै स्थानमा छुवाछूत निषेध गरिएको छ। उपधारा (२) मा वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा कुनै पनि विभेद नगरिने व्यवस्था छ। त्यसैगरी उपधारा (३) मा उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने,

# धारा २४ छुवाछूत तथा भेदभावविरुद्धको हक

जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाइने व्यवस्था छ भने उपधारा (४) मा जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन। उपधारा (५) मा यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ।

# धारा २५ सम्पत्तिको हक

धारा २५ मा सम्पत्तिको हकको व्यवस्था गरिएको छ। यसै धाराको उपधारा (१) मा प्रत्येक नागरिकलाई कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने भन्ने व्यवस्था छ भने उपधारा (२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन भन्ने उल्लेख गरिएको छ।

# धारा २६ धार्मिक स्वतन्त्रताको हक

धारा २६ मा धार्मिक स्वतन्त्रताको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ भन्ने उल्लेख छ भने उपधारा (२) मा प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुनेछ भन्ने व्यवस्था छ। तर यो हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकुल हुने वा सार्वजनिक शान्ति भङ्ग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने उल्लेख छ। उपधारा (३) मा यस धाराद्वारा प्रदत्त हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भंग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ भन्ने व्यवस्था छ।

# धारा २७ सूचनाको हक

धारा २७ मा सूचनाको हक व्यवस्था गरिएको छ जसअनुसार प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने भन्ने छ तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भन्ने व्यवस्था छ।

# धारा २८ गोपनीयताको हक

धारा २८ गोपनीयताको हकको व्यवस्था गरिएको छ। यस हकअर्न्तगत कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानुनबमोजिमबाहेक अनतिक्रम्य हुने भन्ने छ। यसरी नागरिकका निजी मामलालाई राज्यले अनतिक्रम्य तुल्याएको छ।

# धारा २९ शोषणविरुद्धको हक

धारा २९ मा शोषणविरुद्धको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुने उल्लेख गर्दै उपधारा (२) मा धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न नपाइने व्यवस्था गरिएको छ। त्यसैगरी, उपधारा (३) मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बाधा बनाउन नपाइने उल्लेख छ। उपधारा (४) मा कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइने छैन, तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानुन बनाउन रोक लगाएको नमानिने भन्ने उल्लेख गरिएको छ। उपधारा (५) मा उपधारा (३) र (४) विपरीतको कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

## धारा ३० स्वच्छ वातावरणको हक

धारा ३० मा स्वच्छ वातावरणको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको व्यवस्था गरेको छ भने उपधारा (२) मा वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदुषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरिएको छ।

## धारा ३१ शिक्षासम्बन्धी हक

धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भनेउपधारा (२) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ भन्ने व्यवस्था छ। उपधारा (३) मा अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुनेछ भन्ने उल्लेख छ भने उपधारा (४) मा दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम नि:शुल्क शिक्षा पाउने हक हुने व्यवस्था छ। त्यसैगरी, उपधारा (५) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ भन्ने व्यवस्था छ।

# धारा ३२ भाषा तथा संस्कृतिको हक

धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ भन्ने व्यवस्था छ भने उपधारा (२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने प्रावधान गरिएको छ। त्यसैगरी, उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुने उल्लेख छ।

# धारा ३३ रोजगारीको हक

धारा ३३ मा रोजगारीको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ। रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता सङ्घीय कानुनबमोजिम हुने व्यवस्था छ। त्यसैगरी, उपधारा (२) मा प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हकको व्यवस्था गरिएको छ।

# धारा ३४ श्रमको हक

धारा ३४ मा श्रमको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ। "श्रमिक" को परिभाषामा पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदुर सम्झनु पर्छ भनि व्याख्या गरिएको छ। उपधारा (२) मा प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ भन्ने उल्लेख छ भने उपधारा (३) मा प्रत्येक श्रमिकलाई कानुनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ।

# धारा ३५ स्वास्थ्यसम्बन्धी हक

धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरिएको छ। त्यसैगरी, उपधारा (२) ले प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक को व्यवस्था गरेको छ। प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने व्यवस्था उपधारा (३) मा रहेको छ। यसकासाथै उपधारा (४) मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भनि उल्लेख गरिएको छ।

# धारा ३६ खाद्यसम्बन्धी हक

धारा ३६ मा खाद्यसम्बन्धी हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुने व्यवस्था गरिएको छ। त्यसैगरी उपधारा (२) मा प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुने व्यवस्था छ भने उपधारा (३) मा प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य सम्प्रभुताको हक हुने व्यवस्था छ।

# धारा ३७ आवासको हक

धारा ३७ आवासको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने उल्लेख छ। त्यसैगरी उपधारा (२) मा कानुनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको बासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन भन्ने उल्लेख छ।

# धारा ३८ महिलाको हक

धारा ३८ मा महिलाको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने व्यवस्था गरिएको छ भने उपधारा (२) मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक उल्लेख गरिएको छ। उपधारा (३) मा महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। उपधारा (४) मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको व्यवस्था गरिएको छ भने उपधारा (५) मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक उल्लेख गर्दै उपधारा (६) मा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हकको व्यवस्था गरिएको छ।

# धारा ३९ बालबालिकाको हक

धारा ३९ मा बालबालिकाको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्म दर्ताको हक, उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हकको व्यवस्था गरिएको छ। उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने, उपधारा (४) मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने व्यवस्था गरिएको छ। उपधारा (५) मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने व्यवस्था गरको छ।  उपधारा (६) मा कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था गरिएके छ। उपधारा (७) मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भनि उल्लेख गरिएको छ। उपधारा (८) मा प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ। असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक उपधारा (९) मा व्यवस्था छ। उपधारा (१०) मा उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनि उल्लेख गरिएको छ।

# धारा ४० दलितको हक

धारा ४० मा दलितको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिने उल्लेख छ। उपधारा (२) मा दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्मा छात्रवृत्ति सहित नि:शुल्क शिक्षाको व्यवस्था गरिने , प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिने उल्लेख छ। उपधारा (३) मा दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुनबमोजिम विशेष व्यवस्था गरिने उल्लेख गरिएको छ। उपधारा (४) मा दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सिप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ। राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सिप र स्रोत उपलब्ध गराउने, उपधारा (५) मा राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउनु पर्ने, उपधारा (६) मा राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्ने, र उपधारा (७) मा दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्ने जस्ता व्यवस्थाहरू दलितको मौलिक हकका रूपमा व्यवस्था गरिएको छ।

# धारा ४१ जेष्ठ नागरिकको हक

धारा ४१ मा ज्येष्ठ नागरिकको हकको व्यवस्था गरिएको छ। ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ।

# धारा ४२ सामाजिक न्यायको हक

धारा ४२ मा सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ भनि उल्लेख गरिएको छ। उपधारा (२) मा आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हकको व्यवस्था गरिएको छ। उपधारा (३) मा अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हकको व्यवस्था गरिएको छ। त्यसैगरी उपधारा (४) मा प्रत्येक किसानलाई कानुनबमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउबिजन

# धारा ४२ सामाजिक न्यायको हक

र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ भनिएको छ भने उपधारा (५) मा नेपालमा लोकतान्त्रिक परिवर्तनको लागि भएका सङ्घर्षका क्रममा "जीवन उत्सर्ग गर्ने सहिद तथा बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवम् उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुने व्यवस्था छ।

# धारा ४३ सामाजिक सुरक्षाको हक

धारा ४३ मा सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ जसअन्तर्गत आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ।

# धारा ४४ उपभोक्ताको हक

धारा ४४ मा उपभोक्ताको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (१) मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने व्यवस्था छ भने उपधारा (२) मा उपभोक्ताको हकअन्तर्गत गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने भन्ने व्यवस्था छ।

# धारा ४५ देश निकालाविरुद्धको हक

धारा ४५ मा देश निकालाविरुद्धको हकको व्यवस्था गरिएको छ। जसमा कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन भन्ने व्यवस्था छ।

# धारा ४६ संवैधानिक उपचारको हक

धारा ४६ मा संवैधानिक उपचारको हकको व्यवस्था गरिएको छ। जसअन्तर्गत कानुनी उपचारको हक प्रत्याभूत गरिएको छ यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिएबमोजिम संवैधानिक उपचार पाउने हक हुनेछ। यसरी मौलिक हक खण्डमा प्रदान गरिएका हकहरू उल्लङ्घन भएमा पीडितले तल्ला अदालतहरूबाट कानुनी उपचार शुरु नगरी सिधै सर्वोच्च वा उच्च अदालतहरूमा रिट उपचारमार्फत कानुनी उपचार प्राप्त गर्न सक्दछन्।

# धारा ४७ मौलिक हकको कार्यान्वयन

धारा ४७ मा मौलिक हकको कार्यान्वयउनसम्बन्धी व्यवस्था गरिएको छ। जसमा यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकताअनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्नेछ भन्ने व्यवस्था गरिएको छ।

# धारा ४८ नागरिकको कर्तव्य

धारा ४८ मा नागरिकको कर्तव्यको व्यवस्था गरिएको छ। जसमा प्रत्येक नागरिकका कर्तव्य देहायबमोजिम हुने व्यवस्था गरेको छ। राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानुनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु र सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु।

# समीक्षा

नेपालको संविधानले यसअघिका संविधानले जस्तै मौलिक हकलाई छुट्टै भागमा व्यवस्था गरेको छ। संविधानको भाग ३ मा धारा १६ देखि ४७ सम्म ३२ धारामा मौलिकहरूको व्यवस्था गरिएको छ। यसरी प्रत्याभूत गरिएका ३२ वटा मौलिक हकहरू मध्ये चार वटा हकहरू पहिलो पटक व्यवस्था गरिएको हो। यसरी थप गरिएका हकहरूमा अपराध पीडितको हक (धारा २१), दलित हकको (धारा ४०), ज्येष्ठ नागरिकको हक (धारा ४१), र उपभोक्ताको हक (धारा ४४) रहेका छन् भन्ने खाद्यसम्बन्धी हकलाई थप व्यापक तुल्याइएको छ। संविधानमा कतिपय मौलिक हकहरू कानुनअनुसार वा कानुन बनाएर लागु हुने व्यवस्था गरिनुले मौलिक हकहरू स्वत: कार्यान्वयन हुन नसक्ने अवस्था पनि छ।

संविधानमा नागरिक स्वतन्त्रता, न्यायिक उपचारको हकदेखि लिएर निवारक नजरबन्दविरुद्धको हक, फौजदारी न्यायको हक, यातना विरुद्धको हकहरूको व्यवस्था गरिएको छ भने आर्थिक सामाजिक प्रकृतिका शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ वातावरणको हकको समेत व्यवस्था गरिएको छ। त्यसैगरी उत्पीडित दलित वर्गको विशेष हक, महिलालगायत अन्य मूलधारमा आउन नसेको वर्गका विशेष हकको अलावा समावेशी सिद्धान्तको आधारमा राज्यका निकायमा समावेशी हुने हक प्रत्याभूत गरिएको छ जुन सराहनीय प्रयास हो।

# निष्कर्ष

नेपालको संविधानमा सभ्य समाजले स्वीकार गरेका मानव अधिकारहरूलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ। संविधानको भाग ३ मा धारा १६ देखि ४७ सम्म ३२ धारामा मौलिकहरूको व्यवस्था गरिएको छ। संविधानमा प्रत्याभूत गरिएका यी मौलिक हकहरूमध्ये अपराध पीडितको हक, दलित हकको, ज्येष्ठ नागरिकको हक र उपभोक्ताको हक रहेका छन् भने खाद्यसम्बन्धी हकलाई थप व्यापक तुल्याइएको छ। संविधानमा नागरिक तथा राजनीतिक प्रकृतिका हकहरू जस्तै: नागरिक स्वतन्त्रता, न्यायिक उपचारको हकदेखि लिएर निबारक नजरबन्दविरुद्धको हक, फौजदारी न्यायको हक, यातनाविरुद्धको हकहरूको व्यवस्था गरिएको छ भने आर्थिक सामाजिक प्रकृतिका शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ वातावरणको हकको समेत व्यवस्था गरिएको छ। त्यसैगरी, समाजमा उत्पीडित दलित वर्गको विशेष हक, महिलालगायत अन्य मूलधारमा आउन नसेको वर्गका विशेष हकको अलावा समावेशी सिद्धान्तको आधारमा राज्यका निकायमा समावेशी हुने हक प्रत्याभूत गरिएको छ। यसरी, धेरै भन्दा धेरै मानव अधिकारलाई मौलिक हकको रूपमा समेट्ने प्रयास भए पनि ३२ वटा धारामा व्यवस्थित गरिएका हकहरूलाई कानुनबमोजिम भन्ने शर्त २३ ठाउँमा प्रयोग गरिएको छ।

## नेपालको संविधानमा ३२ वटा मौलिक हकहरूमध्ये २३ वटा मौलिक हकहरूमा कानुनअनुसार वा तीन वर्षभित्र कानुन बनाएर लागु हुने हकहरू

| क्र. सं. | धारा/ उपधारा | मौलिक अधिकार | व्यवस्थाहरू |
|---|---|---|---|
| १ | ४७ | मौलिक हकको कार्यान्वयन | यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकताअनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्नेछ। |
| २ | १९ (३) | संचारको हक | (३) कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन। |
| ३ | २१ (२) | अपराध पीडितको हक | (२) अपराध पीडितलाई कानुनबमोजिम सामाजिक पुन:स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ। |
| ४ | २२ (२) | यातना विरुद्धको हक | (२) उपधारा (१) बमोजिमको कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।<br>(उपधारा(१) पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन। |
| ५ | २३ (२) र (३) | निवारक नजरबन्द विरुद्धको हक | (२) उपधारा (१) बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिका अवस्थाका बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानुनबमोजिम तत्काल जानकारी दिनु पर्नेछ। |

| क्र. सं. | धारा/ उपधारा | मौलिक अधिकार | व्यवस्थाहरू |
|---|---|---|---|
| | | | (उपधारा १) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन।)<br>तर शत्रु देशको नागरिकका हकमा यो उपधारा लागु हुने छैन।<br>(३) निवारक नजरबन्दमा राख्ने अधिकारीले कानुन विपरीत वा बदनियतपूर्वक कुनै व्यक्तिलाई नजरबन्दमा राखेमा त्यस्तो व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। |
| ६ | २४ (५) | छुवाछूत तथा भेदभाव विरुद्धको हक | (५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। |
| ७ | २५(४) | सम्पत्तिको हक | (४) उपधारा (२) र (३) को व्यवस्थाले भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्ने प्रयोजनका लागि राज्यले कानुनबमोजिम भूमिसुधार, व्यवस्थापन र नियमन गर्न बाधा पर्ने छैन।<br>(२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन। तर कुनै पनि व्यक्तिले गैरकानुनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागु हुने छैन।<br>(३) उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐनबमोजिम हुनेछ। |

| क्र. सं. | धारा/ उपधारा | मौलिक अधिकार | व्यवस्थाहरू |
|---|---|---|---|
| ८ | २६ (२) र (३) | धार्मिक स्वतन्त्रताको हक | (२) प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुनेछ। तर धार्मिक स्थल तथा धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न तथा गुठी सम्पत्ति तथा जग्गाको व्यवस्थापनका लागि कानुन बनाई नियमित गर्न बाधा पुगेको मानिने छैन।<br>(३) यस धाराद्वारा प्रदत्त हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकुल हुने वा सार्वजनिक शान्ति भङ्ग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ। |
| ९ | २७ | सूचनाको हक | प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ। तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन। |
| १० | २८ | गोपनीयताको हक | कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानुनबमोजिम बाहेक अनतिक्रम्य हुनेछ। |
| ११ | २९ (५) | शोषण विरुद्धको हक | (५) उपधारा (३) र (४) विपरीतको कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। |
| १२ | ३० (२० | स्वच्छ वातावरणको हक | (२) वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदुषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। |

| क्र. सं. | धारा/ उपधारा | मौलिक अधिकार | व्यवस्थाहरू |
|---|---|---|---|
| १३ | ३१ (३), (४) र (५) | शिक्षासम्बन्धी हक | (३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।<br>(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।<br>(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ। |
| १४ | ३३ (१) | रोजगारीको हक | (१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ। रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता सङ्घीय कानुनबमोजिम हुनेछ। |
| १५ | ३४ (३) | श्रमको हक | (३) प्रत्येक श्रमिकलाई कानुनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ। |
| १६ | ३६(३) | खाद्यसम्बधी हक | (३) प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ। |
| १७ | ३७ (३) | आवासको हक | (२) कानुनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन। |
| १८ | ३८ (३) | महिलाको हक | (३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। |

| क्र. सं. | धारा/ उपधारा | मौलिक अधिकार | व्यवस्थाहरू |
|---|---|---|---|
| १९ | ३९ (१०) | बालबालिकाको हक | (१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।<br>(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।<br>(५) कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।<br>(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।<br>(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन। |
| २० | ४० (१), (२), (३) र (६) | दलितको हक | (१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ।<br>(२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्ति सहित नि:शुल्क शिक्षाको व्यवस्था गरिनेछ। प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ। |

| क्र. सं. | धारा/ उपधारा | मौलिक अधिकार | व्यवस्थाहरू |
|---|---|---|---|
| | | | (३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ।<br>(६) राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्नेछ। |
| २१ | ४२ (४) र (५) | सामाजिक न्यायको हक | (४) प्रत्येक किसानलाई कानुनबमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउबिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ।<br>(५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जनआन्दोलन, सशस्त्र सङ्घर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ। |
| २२ | ४३ | सामाजिक सुरक्षाको हक | आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ। |
| २३ | ४४(२) | उपभोक्ताको हक | (२) गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। |

इन्सेक पुस्तक १८०/२०७३

इन्सेक
insec
*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
कलङ्की, स्यूचाटार, पत्र मञ्जुषाः २७२६, काठमाडौँ
फोनः ४२७८७७०, फ्याक्सः ४२७०५५१
इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org